वैदेशिक रोजगार विभाग

ई.पी.एस.कोरिया शाखा

ग्वार्को, ललितपुर ।

## Ship Building क्षेत्र तर्फ आवेदन फाराम परिवर्तन गर्न चाहनेहरुका लागि थप जरुरी सूचना !!

मिति:-२०८०।०२।०६

HRD Service of Korea बाट विगत मा प्राप्त भएको ६८२२ जनाको नामावली मध्ये उत्पादनमूलक क्षेत्र तर्फ उत्तिर्ण भई रोष्टरमा रहेका कामदारहरुले उत्पादनमूलक क्षेत्रबाट Ship Building क्षेत्रतर्फ परिवर्तन गरी जान चाहेमा यहि मिति २०८०।०२।१२ गते साँझ ०५:०० बजे सम्म तपसिल बमोजिमका बुँदाहरुको अधिनमा रही Ship Building Sector मा परिवर्तन गर्न सकिने भनी लेखी आएकोले संलग्न साविकको नामावली सूचीमा नाम भएका उत्पादनमूलक (Manufacturing) क्षेत्र तर्फका व्यक्तिहरुले तोकिएको मिति सम्म संलग्न नमुना (Format) प्रिन्ट गर्ने र पूर्ण रुपमा भरी सो मा राहदानी अनुसार दस्तखत गरी र अन्य आवश्यक कागजातहरु समेत यस शाखाको ईमेल eps.sectorshipbuilding@gmail.com मा स्क्यान गरी आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

- उत्पादनमूलक क्षेत्र तर्फ जसको रोष्टर सन् ०४ मे, २०२४ सम्म रोष्टरको म्याद समाप्त हुने संलग्न नामावली सूचिमा भएका ब्यक्तिहरुले मात्र क्षेत्र परिवर्तन गर्न पाउनेछन् ।
- विगतमा Sector Change गर्नका लागि आवेदन गरेका ब्यक्तिहरुले पुन: आवेदन गर्न पाईने छैन ।
- Ship Building Company तर्फ अनुभव नभएका ब्यक्तिहरुले समेत क्षेत्र परिवर्तन गर्न सक्नेछन् ।
- क्षेत्र परीवर्तन हुदैमा कोरियामा शत प्रतिशत कामको ग्यारेण्टी हुने छैन । Ship Building क्षेत्र तर्फ आवश्यक भएमा मात्र रोजगार अनुमती पत्र जारी हुने ब्यहोरा समेत अनुरोध छ ।
- Ship Building क्षेत्र तर्फ पनि:
  1. **Scaffold, 2. Insulation, 3. Grinder, 4. Welding (Welding Assistance), 5. Piping Machinery-Joinery-Electric cabling** र हाल थप भएको ***6. Other ShipBuilding Manufacturing work*** गरी ६ वटा उपक्षेत्र मध्ये कुनै एक मात्र छान्नु पर्नेछ ।
- कम्पनी अनुसार Ship Building क्षेत्रको एक महिने तालिम उपलब्ध हुन सक्नेछ । सो तालिम समयमा समेत तलब उपलब्ध हुनेछ ।
- Ship Building Company को श्रम करार बमोजिम कार्य गर्नु पर्नेछ । साथै, कार्य स्थल परीवर्तन गर्न चाहेमा Ship Building Company भित्र मात्र कम्पनी परिवर्तन गर्न पाउने छन् ।
- Ship Building Company को रोष्टरको म्याद पनि Manufacturing Sector को म्याद बराबर हुनेछ ।
- Employment Contract (श्रम करार) Issue भएका ब्यक्तिहरु यो प्रकृयामा सहभागी हुन पाउने छैनन् ।
- माग संख्या भन्दा बढी आवेदन पर्न आएमा First Come First Service (FCFS) तथा Ship Building Company र Welding तर्फ अनुभव भएको आधारमा Roster निर्माण गरिनेछ ।

२०८०।२।६

ई.पी.एस. कोरिया शाखा